# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ २० गते

**नेपाल सरकारका सचिवहरु सँग छलफल, मनसुन अगावै भूकम्प प्रभावितहरुका लागि वासको व्यवस्था गर्न निर्देशन ।**

राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारका ३ वटा मन्त्रालयका सचिवहरुसँग भूकम्पपछि गरिने उद्धार, राहत वितरण तथा बजार अनुगमनको सम्बन्धमा जानकारी लिएको छ । आयोगले गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिवहरुलाई आयोगमा बोलाई भूकम्प पीडितको अवस्थाको बारेमा ती मन्त्रालयहरुले गरिरहेको कार्यको बारेमा जानकारी लिएको हो ।

छलफलमा भूकम्प पछिको अवस्थाको बारेमा सरकारले गरिरहेको कार्यको बारेमा जानकारी दिँदै गृहमन्त्रालयका सचिव सूर्य सिलवालले सरकारी निकायका पदाधिकारीबीच एक आपसमा सहकार्य हुन नसक्दा तथा स्रोत र साधनको अभावका कारण भूकम्प प्रभावित सबै ठाउँमा राहत सामग्री वितरण गर्न तत्काले नसकिएको बताउनुभयो । उहाँले आगामी दिनमा सरकारले विपदका कारण उत्पन्न हुने परिस्थितिको सामना गर्दै प्रभावकारी रुपमा राहत व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउनुभयो ।

यस्तै आपूर्ति मन्त्रालयका सचिव डइन्द्र प्रसाद उपाध्यायले खाद्यान्नमा कालो बजारी गर्ने, कृत्रिम अभाव सृजना गर्ने, मिसावट गर्ने तथा मूल्य वृद्धि गर्नेको पहिचान गरी सरकारले कारबाही गरिरहेको बताउनुभयो । आगामी दिनमा बजार अनुगमनलाई आफूहरुले अझ तीव्रता र निरन्तरता दिने बताउनुभयो ।

छलफलमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव धन बहादुर तामाङ्गले विपदको यस घडिमा महिला तथा बालिकाहरु बेचबिखनको जोखिममा पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै बालबालिकाको उद्धार गर्न आउने माथि कडा निगरानी राखी नयाँ संस्था दर्ता गर्ने प्रावधान अहिलेको अवस्थामा बन्द गरिएको बताउनुभयो । उहाँले घरवार विहीन बालबालिका तथा ज्येष्ठ नागरिकहरुका लागि मन्त्रालयले अस्थायी बसोबासको व्यवस्था मिलाउने तयारी गरेको बताउनुभयो ।

कार्यक्रममा आयोगका अध्यक्ष अनूपराज शर्माले राहत वितरण तथा उद्धार कार्यमा सरकारले विशेष ध्यान पुऱ्याउन निर्देशन दिनुभयो । खाद्यान्नको कृत्रिम अभाव सृजना गर्ने माथि सरकारले कडा कारबाही गर्नुपर्ने भन्दै अध्यक्ष शर्माले सरकारले भूकम्प प्रभावित सबै जिल्लामा राहत र उचित बसोबासको व्यवस्था गर्न आग्रह गर्नुभयो । मनसुन अगावै भूकम्प प्रभावितहरुका लागि वासको व्यवस्था गरी मर्यादित रुपमा नागरिकको बाच्न पाउने अधिकारलाई सुनिश्चित गर्दै मानव अधिकारको रक्षा गर्न अध्यक्ष शर्माले सरकारका सचिवहरुलाई निर्देशन दिनुभयो । छलफलमा आयोगका सदस्यहरु तथा सचिवको समेत उपस्थिति रहेको थियो ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org